आज मिति २०८३/०३/०६ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ।

<u>उपस्थिति</u>

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं का.वा.वडा अध्यक्ष | श्री चक्रपाणी शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिलामणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती बोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव एवं प्र.प्र.अ. | श्री ईश्वरी प्रसाद शर्मा |
| अन्य उपस्थिति | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. नीति तथा कार्यक्रम स्वीकृत सम्बन्धमा ।

३. विद्यालय स्थगन/तह तथा दरवन्दी मिलान/प्रअ व्यवस्थापन सम्बन्धी प्रतिवेदन सम्बन्धमा ।

४. राजश्व सुधार कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा ।

५. बेरुजु फछ्र्यौट सम्बन्धमा ।

६. तिनपाङ्गे सवारीको भाडा समायोजन सम्बन्धमा ।

७. सामि कार्यक्रमलाई विभिन्न शाखा मातहतमा राख्ने सम्बन्धमा ।

८. जिल्ला समन्वय समितिको अनुगमन प्रतिवेदन सम्बन्धमा ।

९. भुक्तानी सम्बन्धमा ।

१०. कफी सपको भाडा सम्झौता नविकरण सम्बन्धमा ।

११. योजना अनुगमनको प्रतिवेदन सम्बन्धमा ।

१२. राजश्वको दर तथा दायरा निर्धारण प्रतिवेदन २०८३ सम्बन्धमा ।

१३. विज्ञापन गर्ने सम्बन्धमा ।

१४. कडा रोग अन्तर्गत नपुग पैसा माग तथा भुक्तानी सम्बन्धमा ।

१५. विविध सम्बन्धमा ।

निणर्यहरु

निणर्य नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निणर्य नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८३ असार ९ गते हुन गईरहेको १९ औं नगरसभामा पेश गर्ने गरी नगरप्रमुखज्युबाट पेश भएको नीति तथा कार्यक्रम माथि छलफल भयो । उक्त नीति तथा कार्यक्रम सर्वसम्मत रुपमा पास गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगर शिक्षा समितिको निर्णय बमोजिम विद्यालय स्थगन, तह मिलान प्रअ व्यवस्थापन तथा शिक्षक दरवन्दी मिलानको प्राप्त हुन आएको प्रतिवेदन २०८३ सम्बन्धमा छलफल भै स्वीकृत गर्ने निर्णय गरियो। साथै उक्त प्रतिवेदनले औंलाएका विद्यालय सुधारका विषयहरु कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना (NUGIP) को सहयोग तथा सहजिकरणमा तयार गरी प्रस्तुतिकरण गरिएको बागलुङ नगरपालिका कार्यालयको राजश्व सुधार कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा महालेखा परीक्षकको कार्यालयबाट यस कार्यालयको विगत आर्थिक वर्षको आर्थिक स्रेस्ता अध्ययन गरी पेस भएको अन्तिम लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखा समितिद्वारा बेरुजु फर्स्यौटका लागि सिफारिस भएको रु १,५७,६५,०५८। (अक्षरुपी एक करोड सन्ताउन्न लाख पैसठ्ठी हजार अन्ठाउन्न रुपैयाँ मात्र) बेरुजु फछ्र्यौटका लागि आगामी नगरसभामा पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा तिनपाङ्गे सवारीको भाडा दरको सम्वन्धमा हाल सम्मको प्रगतिको बारेमा नगर उपप्रमुख ज्यूबाट जानकारी गराउनु भयो। हाल निर्धारण गरिएको भाडा दरका सम्बन्धमा सवारी धनिहरुले ईन्धनको बढ्दो मूल्य वृद्धी संगै भाडा समायोजनको माग राखेको हुँदा सो सम्वन्धमा थप अध्ययन गरी निर्णय लिने निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस कार्यालय मार्फत सञ्चालनमा रहेको सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गतका विभिन्न प्रोग्रामहरुलाई देहाय बमोजिम नगरपालिकाको शाखा उपशाखा मातहत रहने गरी संचालन गर्ने निर्णय गरियो।

(क) सुरक्षित आप्रवासन सामी कार्यक्रम - सामाजिक विकास शाखा

(ख) बित्तीय साक्षरता सम्बन्धि कार्यक्रम - सहकारी उपशाखा

(ग) मनोसामाजिक परामर्श सेवा - स्वास्थ्य शाखा

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा जिल्ला समन्वय समिति, बागलुङबाट यस नगरपालिकाको विभिन्न क्षेत्रमा अनुगमन गरी यस कार्यालयमा प्राप्त हुन आएको अनुगमन प्रतिवेदन सम्बन्धमा छलफल भयो । अनुगमन प्रतिवेदनमा प्राप्त भएका सुझावहरु कार्यान्वयनको लागि सम्बन्धित शाखाहरुमा जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा बागलुङ नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने क्रममा विभिन्न शीर्षकमा भएको खर्चमध्ये बजेट संकुचनका कारण गत आ.व.मा भुक्तानी हुन नसकी लेखाको श्रेस्तामा भुक्तानी बाँकीको म.ले.प. फाराम नं. २२१ भरी चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमबाट भुक्तानी गर्ने गरी दायित्व सरेर आएका देहाय बमोजिमका रकमहरू नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

| सि.नं. | भुत्तानी दिनु पर्ने फर्म कम्पनी सप्लार्यस | भुक्तानी रकम | भुक्तानीको प्रयोजन |
|---|---|---|---|
| १ | कालीगण्डकी छापाखाना | ४७७३१२।- | व्यानर छपाई |
| २ | अफिस समान सप्लाई स्टोर्स | २८८२६३।- | व्यानर छपाई |
| ३ | सफल फ्लेक्स सप्लायर्स | २८५६६४।- | व्यानर छपाई |

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ स्थित ऐतिहासिक पार्क परिसरको सार्वजनिक शौचालयसँगै सञ्चालित कफी सपको भाडा सम्झौता अवधि चालु आ.व. को असार मसान्तमा समाप्त हुन लागेको हुँदा राजस्व परामर्श समितिको बैठकको निर्णयानुसार उक्त कफी सपको साविक भाडा दरमा १० प्रतिशत वृद्धि गरी आगामी आर्थिक वर्षका लागि सम्झौता नविकरणको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि माथि छलफल गर्दा बागलुङ नगरपालिका योजना अनुगमन समितिले विभिन्न योजनाको अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन माथि छलफल सम्पन्न भयो । उक्त प्रतिवेदनमा उल्लेख भएका सुझावहरु कार्यान्वयनको लागि सम्वन्धित पक्षलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको आगामी आ.व. २०८३/०८४ को लागि राजश्व परामर्श समितिबाट प्रस्ताव भै पेश हुन आएको राजश्वको दर तथा दायरा निर्धारण प्रतिवेदन २०८३ माथि छलफल भयो । उक्त प्रतिवेदन अनुसार आर्थिक ऐनको मस्यौदा तयार गरी आगामी कार्यपालिका मार्फत नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि माथि छलफल गर्दा आगामी आवको लागि संघीय सरकार शसर्त अनुदान मार्फत यस पालिकाको लागि प्राप्त एक पालिका एक भेटेनरी डाक्टर कार्यक्रमको लागि भेटेनरी डाक्टर (सातौं) एक जना र स्वीकृत दरवन्दी भित्र रिक्त रहेका ईन्जिनियर (सातौं) एक जना र ईलेक्ट्रिसियन एक जनाको विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि बमोजिम मासीक रु ५,०००। का दरले प्राप्त गरिरहेका विरामीहरुको लागि चालु आ.व.को अन्तिम त्रैमासीकको लागि रु ७,६५,०००। अपुग हुने देखिएको हुँदा उक्त रकम संघीय सरकारमा माग गरी पठाउने तर माग गरेको रकम समयमा नै प्राप्त हुन नसकेमा संघीय सशर्त तर्फको मातृ तथा नवशिशु कार्यक्रम र स्वास्थ्य तर्फकै प्रशासनीक खर्चबाट खर्च लेख्ने गरी विरामीहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।